मिति २०७६/०६/१२ मा भएको गाउँ कार्यपालिकाको ४९ औं बैठकको निर्णयहरु :

१. जिल्ला समन्वय समिति, लमजुङले यस गाउँपालिकाको लागि छुट्याउने रकम यस गाउँपालिका अन्तर्गत वडा नं. ३ को वडा कार्यालय भवन निर्माणको लागि माग गर्ने निर्णय गरियो ।

२. विजया दशामी तथा दिपावलीको पावन अवसरमा गाउँपालिकाको गतिविधिहरुको समीक्षा तथा शुभकामना आदान प्रदान कार्यक्रम मिति २०७६ असोज १६ गते, विहान ११ बजे भुलभुलेमा आयोजना गर्ने निर्णय गरियो । सो कार्यक्रममा सम्पूर्ण जनप्रतिनिधिहरु, सम्पूण कर्मचारीहरु, राजनिति दलका यस पालिकाका जिल्ला सदस्यहरु, गा.पा. स्तरिय र वडा स्तरिय राजनितिक दलका प्रमुख ज्यूहरु, विद्यालयका प्र.अ.हरु, उ.वा.संघ, एक्याप अध्यक्षहरु, सरोकार समितिका अध्यक्षहरु, सहकारीका अध्यक्षहरु, सञ्जालका अध्यक्षहरु, हाईड्रो प्रमुखहरु, पेशागत संघ संगठनका अध्यक्षहरु, सा.ब.उ.महासंघका अध्यक्ष, प्रहरी चौकी, बन कार्यालय लगायतका सरकारी संस्थाहरुलाई आमन्त्रण गर्ने निर्णय गरियो ।

३. कार्यपालिकाको मिति २०७६/०५/१५ को निर्णय बमोजिम माग गरिएका दरखास्तहरुवाट छनौट भई नियूक्तिका लागि सिफारिस गरिएका देहाय बमोजिमका पदमा देहाय बमोजिमको कर्मचारीहरुलाई लोकसेवा आयोगबाट स्थायी नियूक्ति भई आएको खण्डमा स्वत अवकाश हुन गरि हाललाई २०७७ असार मसान्त सम्मको लागि करार सेवामा नियूक्ति गर्ने निर्णय गरियो ।

   १) शर्मिला ढकाल, वेसिशहर - ११, सातौ तह, कृषि सेवा
   २) बिकास कोइराला, चितवन - ३, पाँचौ तह, कृषि सेवा
   ३) बिमलराज घिमिरे, मध्यनेपाल - १, पाँचौ तह, पशु सेवा

४. कार्यपालिकाको मिति २०७६/०५/१५ को निर्णय बमोजिम पशु सेवा तर्फको अधिकृत स्तर सातौं तहको दरखास्त माग गरिएकोमा तोकिएको समय भित्र कसैको पनि दरखास्त नपरेको हुँदा उक्त तहको कर्मचारी यस गाउँपालिकाको लागि अत्यन्त आवश्यक भएको हुँदा पुन एक पटक दरखास्त माग गरि उक्त पदको पदपुर्ति गर्ने निर्णय गरियो ।

५. जेष्ठ नागरिकहरुलाई सम्मान स्वरुप एक एक थान थर्मस वितरण गर्न जेष्ठ नागरिक सम्मान तथा सामाग्री वितरण शिर्षकबाट खर्च हुने गरि बढिमा रु.५ लाख सम्म रकम विनियोजन गर्ने निर्णय गरियो । साथै सो शिर्षकको बाँकी रहेको रकमबाट जेष्ठ नागरिक समितिका पदाधिकारी एवं सदस्यहरुलाई न्यानो कपडा (ज्याकेट) र विपन्न जेष्ठ नागरिकहरुलाई आवश्यकता अनुसारको सामाग्रीहरु खरिद गरि वितरण गर्ने निर्णय गरियो ।

६. अपाङ्ग सम्मान तथा आज आर्जन कार्यक्रम अन्तर्गत विनियोजित रकमबाट खर्च हुने गरि सेतो र पँहेलो कार्डवाला अपाङ्गता भएका व्यक्तिहरुलाई आय आर्जन सम्वन्धि विभिन्न कार्यक्रमहरुमा सहयोग गर्ने निर्णय गरियो ।

७. राष्ट्रिय योजना आयोगको मिति २०७६/६/७ गतेको सुचनामा माग भए बमोजिम विशेप अनुदान तर्फ यस मर्स्याङ्दी गाउँपालिकाको वडा नं. ८ अन्तर्गत रहेको सिमलचौर भुमिगत जल सिँचाई आयोजना तथा समपुरक अनुदान तर्फ यस गाउँपालिकाको वडा नं. १ र २ मा पर्ने खुदी - घनपोखरा - नायूँ सडक र वडा नं. ३ र ४ मा पर्ने खुदी - शिउरुङ - स्याङ्गे सडकको स्तरोन्नतिको लागि रकम माग गर्ने निर्णय गरियो ।

८. अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना द्वारा प्राप्त हुने रकम रु. ३ लाख बजेट देहाय बमोजिमका कार्यक्रमरुमा खर्च गर्नै निर्णय गरियो ।

१. ग्राम कल्याण मा.वि., वडा नं. १, शौचालय मर्मत - रु.१,००,०००।-

२. त्रिभुवन मा.वि., वडा नं. २, फर्निचर खरिद - रु.१००,०००।-

३. आलु खेति, वडा नं. ४ - रु.१००,०००।-

९. यस आ.व.को लागि विनियोजित विविध कार्यक्रम खर्चको विभिन्न धार्मिक, सांस्कतिक, साहित्यिक, महोत्सव,दिवस सम्बन्धि खर्च शिर्षकबाट निम्नानुसार विभिन्न कायक्रमहरुलाई सहयोग गर्ने निर्णय गरियो ।

- दिव्य ज्योति यूवा क्लव, मर्स्याङ्दी - ९, पाम्पचोकलाई रु.२५,०००।-
- युनाईटेड विच यूवा क्लव, मर्स्याङ्दी - २, घनपोखरा रु.२५,०००।-
- डा. हर्क गुरुङ स्मृति केन्द्र, मर्स्याङ्दी - ७, रु. २०,०००।-

१०. यस आ.व.को लागि विनियोजित विविध कार्यक्रम खर्चको विपद व्यवस्थापन कोषबाट निम्नानुसार आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

- राजेन्द्र कुमार बि.क., मर्स्याङ्दी - २ रु.२०,०००।- (घर क्षति र भैसी मरेको)
- अगमसरी गुरुङ, मर्स्याङ्दी - २, रु.३,०००।- (धान खेत पुरिएको)
- चित बहादुर सार्की, मर्स्याङ्दी - २, रु.३,०००।- (धान खेत पुरिएको)
- रुपा गुरुङ, मर्स्याङ्दी - २, रु.३,०००।- (धान खेत पुरिएको)
- अर्जुन बि.क., मर्स्याङ्दी - २, रु.३,०००।- (धान खेत पुरिएको)
- रिलीमाया कामी, मर्स्याङ्दी - २, रु.३,०००।- (धान खेत पुरिएको)
- गम्बीरे कामी, मर्स्याङ्दी - २, रु.१०,०००।- (घर र चर्पी क्षति)
- सोम बहादुर कामी, मर्स्याङ्दी - २, रु.३,०००।- (धान खेत पुरिएको)
- लक्ष्मण कामी, मर्स्याङ्दी - २, रु.३,०००।- (धान खेत पुरिएको)
- पुत्लीमान कामी, मर्स्याङ्दी - २, रु.३,०००।- (धान खेत पुरिएको)
- हर्क बहादुर कामी, मर्स्याङ्दी - २, रु.३,०००।- (धान खेत पुरिएको)
- डिल बहादुर कामी, मर्स्याङ्दी - २, रु.३,०००।- (धान खेत पुरिएको)
- गम बहादुर कामी, मर्स्याङ्दी - २, रु.३,०००।- (धान खेत पुरिएको)
- सन्त बहादुर कामी, मर्स्याङ्दी - २, रु.३,०००।- (धान खेत पुरिएको)
- अनिता बि.क., मर्स्याङ्दी - २, रु.३,०००।- (धान खेत पुरिएको)
- अर्जुन कुमार बि.क., मर्स्याङ्दी - २, रु.१०,०००।- (घर क्षति)
- रिली बि.क., मर्स्याङ्दी - २, रु.३,०००।- (धान खेत पुरिएको)
- उमर गुरुङ, मर्स्याङ्दी - २, रु.३,०००।- (धान खेत पुरिएको)
- बुद्धि बहादुर गुरुङ, मर्स्याङ्दी - २, रु.३,०००।- (धान खेत पुरिएको)
- गज बहादुर गुरुङ, मर्स्याङ्दी - २, रु.३,०००।- (धान खेत पुरिएको)
- दुध जङ गुरुङ, मर्स्याङ्दी - २, रु.३,०००।- (धान खेत पुरिएको)
- रवि बहादुर गुरुङ, मर्स्याङ्दी - २, रु.३,०००।- (धान खेत पुरिएको)
- कमान गुरुङ, मर्स्याङ्दी - २, रु.३,०००।- (धान खेत पुरिएको)

- गुमान सिँह गुरुङ, मर्स्याङ्दी - २, रु.३,०००।- (धान खेत पुरिएको)
- पर्तीमान बि.क., मर्स्याङ्दी - २, रु.३,०००।- (धान खेत पुरिएको)
- उमर ध्वज गुरुङ, मर्स्याङ्दी - २, रु.७,०००।- (धन्सार पुरै भत्किएको)
- मैते बि.क., मर्स्याङ्दी - २, रु.३,०००।- (धान खेत पुरिएको)
- आइत जङ गुरुङ, मर्स्याङ्दी - ४, रु. १०,०००।- (घर क्षति)
- राज कुमार गुरुङ, मर्स्याङ्दी - ४, रु. १०,०००।- (घर क्षति)
- मन बहादुर गुरुङ, मर्स्याङ्दी - ५, सञ्जापु रु.१०,०००।- (अलैची खेत क्षति)
- योग प्रसाद गुरुङ, मर्स्याङ्दी - ५, सञ्जापु रु. १०,०००।- (पहिरो)
- दुर्गामाया गुरुङ, मर्स्याङ्दी - ५, तल्लो चिप्ला रु. ५,०००।- (एकल महिला, पहिरो)
- गम बहादुर गुरुङ, मर्स्याङ्दी - ५, सञ्जापु रु. १०,०००।- (पहिरो)
- डिल बहादुर गुरुङ, मर्स्याङ्दी - ७ रु. ३०,०००।- (धान, कुखुरा, कुखुरा खोर क्षति)
- बुध बहादुर गुरुङ, मर्स्याङ्दी - ७, रु.१५,०००।- (अलैची बारी, सिँचाई)
- ज्ञान कुमारी घले, मर्स्याङ्दी - ७, रु.१५,०००।- (धान खेत बगाएको)
- नौ जङ गुरुङ, मर्स्याङ्दी - ७, रु. १०,०००।- (अलैची बारी बगाएको)
- दाउरीमाया गुरुङ, मर्स्याङ्दी - ७, रु.१०,०००।- (धान खेत बगाएको)
- मनकासी गुरुङ, मर्स्याङ्दी - ७, रु.५,०००।- (खेत बगाएको)
- भिम बहादुर गुरुङ, मर्स्याङ्दी - ७, रु. १०,०००।- (अलैची बारी क्षति)
- बिन प्रसाद गुरुङ, मर्स्याङ्दी - ७, रु. ५,०००।- (अलैची बारी क्षति)
- सोम कुमारी गुरुङ, मर्स्याङ्दी - ७, रु.१०,०००।- (अलैची बारी क्षति)
- महिमा चर्च, मर्स्याङ्दी - ९ रु. ३०,०००।- (पहिरो)
- बाबुराम भण्डारी, मर्स्याङ्दी - ९ रु. १०,०००।- (चट्याङ)
- सिम्पानी सामुदायिक चौताराको पिपल रुख भाँचिएको - मर्स्याङ्दी - ९ रु. २०,०००।-
- राम बहादुर बि.क, मर्स्याङ्दी - ९, रु. ५,०००।-

११. यस आ.व.को लागि विनियोजित विविध कार्यक्रम खर्चको असक्त, असहाय, विपन्न सहायता कोषबाट निम्नानुसार आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

- आईत सिँह गुरुङ, मर्स्याङ्दी - २ रु. १०,०००।- (उपचार/विपन्न)
- रवि बहादुर गुरुङ, मर्स्याङ्दी - २ रु. १०,०००।- (उपचार/विपन्न)
- तेजमान गुरुङ, मर्स्याङ्दी - २ रु. १०,०००।- (उपचार/विपन्न)
- शान्ता कुमारी गुरुङ, मर्स्याङ्दी - ३ रु. १०,०००।- (उपचार/प्यारालाईसिस)
- टेस माया गुरुङ, मर्स्याङ्दी - ३ रु. १०,०००।- (उपचार/विपन्न)
- पूर्ण बहादुर गुरुङ, मर्स्याङ्दी - ३ रु. ३०,०००।- (उपचार/दुवै मृगौला काम नलाग्ने)
- गंगा बहादुर घर्ति, मर्स्याङ्दी - ३ रु.१०,०००।- (उपचार/मुटु रोगी)
- ईश्वरी माया खत्री, मर्स्याङ्दी - ३ रु. १०,०००।- (उपचार/मुटु रोगी)
- सोनाम गुरुङ, मर्स्याङ्दी - ३ रु.१०,०००।- (उपचार/एड्स रोगी)
- कमल बहादुर गुरुङ, मर्स्याङ्दी - ४ रु. १०,०००।- (उपचार/मुटु रोगी)
- चित्र बहादुर कामी, मर्स्याङ्दी - ५ रु.१०,०००।- (उपचार/विपन्न)

* सुन खुसी गुरुङ, मर्स्याङ्दी - ६ रु.१०,०००।- (उपचार/क्यान्सर)
* मनी प्रसाद गुरुङ, मर्स्याङ्दी - ९ रु. १०,०००।- (उपचार/मुटु रोगी)
* नर बहादुर थापा, मर्स्याङ्दी - ९ रु. १०,०००।– (उपचार/विपन्न)
* नारायण बहादुर थापा, मर्स्याङ्दी - ९, १०,०००।- (मुटु रोगी)

१२.यस आ.व.को लागि विनियोजित कार्यक्रम खर्चको अपाङ्ग सम्मान तथा आय आर्जन कार्यक्रम शिर्षकबाट खर्च हुने गरि लमजुङ नेत्रहिन संघलाई रु.५०,०००।- सम्मको एक थान ल्यापटप खरिद गरि हस्तान्तरण गर्ने निर्णय गरियो ।

१३. बिजया दशमी २०७६ को अवसरमा प्रहरी चौकीहरुमा पुजा आजा गर्न तथा पर्वको वेला थप सुरक्षा प्रवन्ध मिलाउन खुदी प्रहरी चौकीलाई रु.२०,०००।- र बाहुनडाँडा प्रहरी चौकीलाई रु.१२,०००।- सहयोग गर्ने निर्णय गरियो ।

१४. यस मर्स्याङ्दी गाउँपालिका वडा नं. १ स्थीत करे खोला झोलुङ्गे पुल र सोही वडाको पोजे खोला झोलुङ्गे पुलको विस्तृत डिजाइन इष्टिमेट (DPR) TGSU / RTAP पोखराको सहमतिमा सामुदायिक विकास केन्द्र, लमजुङबाट तयार भई आएको हुँदा उक्त DPR स्वीकृत गरी कार्य प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

१५. यस गाउँपालिकामा विगत वर्षहरुदेखि कार्यरत सूचना प्रविधी अधिकृत भरतराज बाँस्तोलालाई निजले साविकमा खाईपाई आएको सुविधा नघट्ने गरी दातृ निकायबाट प्राप्त हुने रकममा नपुग रकम गाउँपालिकाबाट थप गरी प्रति महिना नेपाल सरकारको रा.प.तृतीय श्रेणीको सुरु तलब स्केल भुक्तानी गर्ने निर्णय गरियो ।

१६. गरीव संग विश्वेश्वर कार्यकममा कार्यरत सामाजिक परिचालक आश कुमारी गुरुङलाई उक्त कार्यकममा प्राप्त बजेटबाट भुक्तानी हुने गरी रु १५०००।- मासिक स्केल कायम गर्ने निर्णय गरियो।

१७. यस गाउँपालिका र उद्योग वाणिज्य संघ खुदी ईकाइ बीच गत आ.व.२०७५।७६ मा भएको संझौता अनुसार सहकार्यमा यस गा.पा.क्षेत्रमा व्यवसायिक कर उठाए वापत उठाएको रकमको २५% रकम उद्योग वाणिज्य संघलाई उपलव्ध गराउने संझौता भएकोमा सो रकम गत आ.व.मा भुक्तानी नभएकोले जम्मा उठेको व्यावसायिक कर रकम रु.३८८५००।- को २५% ले हुन आउने रकम रु.९७,१२५।- रकम चालु उपशिर्षक अन्तरगत करार सेवा शुल्क (२२४१३) शिर्षक बाट भुक्तानी गर्ने निर्णय गरियो ।

१८. यस गाउँपालिका अन्तरगत तपशिलमा रहेका विभिन्न स्वास्थ्य ईकाइ तथा स्वास्थ्य संस्थाहरुलाई सरसफाई लगायत विभिन्न परामर्श सम्बन्धी खर्च गर्नका लागि प्रति महिना प्रति संस्था रु.६०००।- का दरले अनुदान रकम उपलव्ध गराउने निर्णय गरियो ।

तपशिल

- जगत सामुदायिक स्वास्थ्य ईकाइ
- लामागाउँ सामुदायिक स्वास्थ्य ईकाइ
- सिउरुङ सामुदायिक स्वास्थ्य ईकाइ
- ताराचोक सामुदायिक स्वास्थ्य ईकाइ
- सिमलचौर स्वास्थ्य चौकी
- सुधा मिलन स्वास्थ्य चौकी